# अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

बर्दगोरिया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः५ मितिः२०८२/०३/०९

## भाग-२

## बर्दगोरिया गाउँपालिका

बर्दगोरिया गाउँपालिका प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि,२०८२

आज्ञाले
विक्रम श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

# बर्दगोरिया गाउँपालिका प्राविधिक कर्मचारीहरुको
# फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना,**

बर्दगोरिया गाउँपालिकाद्धारा सञ्चालित पूर्वाधार विकास तथा अन्य विकास निर्माण तथा ईन्जिनियर तर्फका कर्मचारीहरुले गर्ने कार्यहरुमा एकरुपता तथा दिगोपना ल्याउन बर्दगोरिया गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको काममा थप हौसला प्रदान गर्न र फिल्ड कार्यलाई गुणस्तरिय बनाई आर्थिक मितव्ययिता कायम गर्न आवश्यक भई कार्यविधिको आवश्यकता भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र बर्दगोरिया गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धी ऐन, २०७९ को दफा ४ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम प्रारम्भ र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "कार्यपालिका" भन्नाले बर्दगोरिया गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ग) "कार्यविधि" भन्नाले प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ ।

घ) "गाउँपालिका" भन्नाले बर्दगोरिया गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) "प्राविधिक कर्मचारी" भन्नाले बर्दगोरिया गाउँपालिकामा कार्यरत देहाय बमोजिमका स्थायी, करार तथा ज्यालादारी कर्मचारीलाई सम्झनु पर्दछ ।

अ) इन्जिनियर (अधिकृत स्तर)

आ) सब-इन्जिनियर (सहायक स्तर पाचौं)

इ) (खा.पा.स.टे.) / असिन्टेन्ट सब-इन्जिनियर (सहायक स्तर चौथौं)

विक्रम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ई) सर्वेक्षक, अमिन (सहायक स्तर पाँचौ र चौथो)

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दगोरिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## फिल्ड भत्ता सम्बन्धी अन्य व्यवस्था

३. फिल्ड भत्ता उपलब्ध गराउन सक्ने: (१) गाउँपालिकामा कार्यरत कर्मचारीहरुले फिल्डमा गई काम गरे बापत कार्यालयले देहाय बमोजिम पद/ तह/ स्तर अनुसार एकमुष्ट मासिक फिल्ड भत्ता प्रदान गर्न सक्नेछ ।

| क्र.स | पद/तह/स्तर | फिल्ड भत्ता |
|---|---|---|
| १ | इन्जिनियर (अधिकृत स्तर) | ७०००।- |
| २ | सब-इन्जिनियर/सर्वेक्षक (सहायक स्तर पाचौं) | ६०००।- |
| ३ | अ.सब-इन्जिनियर/अमिन (सहायक स्तर चौथौं) | ५०००।- |

(२) कार्यविधिमा निर्धारण गरिएको फिल्ड भत्ता बाहेक गाउँपालिका अन्तर्गतका योजना तथा कार्यक्रममा अनुगमन तथा फिल्ड कार्यमा खटिएमा उल्लेखित भत्ता बाहेक थप सुविधा उपलब्ध गराउन सकिने छैन । तर गाउँपालिका बाहिर कार्यालयको कामकाजमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृत आदेशका आधारमा खटिईगएको भए नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउन भने बाधा पर्ने छैन ।

(३) उल्लेखित सुविधा संघीय सरकार/प्रदेश सरकार तथा अन्य कुनै निकायबाट हस्तान्तरित कार्यक्रमबाट तलब भत्ता खाने कर्मचारीहरुको हकमा लागु हुने छैन तर भुक्तानी दिनेगरी प्रचलित कानूनले तोकेको वा गाउँपालिकाबाट भुक्तानी हुनेगरी तोकिदिएको हकमा भने भुक्तानी गर्दा बाधा पर्ने छैन ।

४. फिल्ड भत्ता प्राप्त आधार पुरा गर्नु पर्ने: १) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले फिल्ड भत्ता प्राप्त गर्न देहाय बमोजिम आधार पुरा गर्नुपर्नेछः-

क) प्राविधिक कर्मचारी मासिक रुपमा कार्यालयमा हाजिर भइ काम गरेको हुनु पर्नेछ,

ख) कार्यालयले जुनसुकै अवस्थामा काममा खटाउँदा काम गरेको हुनु पर्नेछ,

विक्रम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ग) प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण तयार गरि प्रशासन शाखा मार्फत पेश गर्नु पर्नेछ ।

घ) फिल्डमा खटिएको दिनको मासिक विवरण समेत पेश गर्न पर्नेछ ।

(२) उपदफा (१) (ग) बमोजिम विवरण प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ।

ङ) विदामा रहेको वा अन्य कुनै कारणले महिना दिन भन्दा लामो समय हाजिर नभएको अवस्थामा फिल्ड भत्ता उपलब्ध गराईने छैन ।

५. रकम व्यवस्थापन सम्बन्धी व्यवस्था: (१) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले पाउने फिल्ड भत्ता रकम आयोजना व्यवस्थापन खर्च र आन्तरिक श्रोतबाट व्यवस्थापन गर्नुपर्नेछ ।

(२) तोकीए बमोजिमको फिल्ड भत्ता कर्मचारीको तलब सगै मासिक रुपमा उपलब्ध गराउनु पर्नेछ । तर आन्तरिक आम्दानी तथा अन्य स्रोतबाट भुक्तानी गर्नुपर्ने रकमको हकमा भने त्रैमासिक वा अर्ध वार्षिक रुपमा पनि भुक्तानी गर्न सकिनेछ ।

६. भुक्तानी विधि: (१) प्राविधिक कर्मचारीहरुले यस कार्यविधि बमोजिम प्राप्त गर्ने फिल्ड भत्ता कार्यलयले कर्मचारीहरुले पाउने तलबमा प्रावधिक फिल्ड भत्ता समावेश गरी उपलब्ध गराउनेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा नेपाल सरकारको निर्णय अनुसार राष्ट्र सेवक कर्मचारीहरुको तलब थपघट भएमा आर्थिक कार्यविधि अनुसार प्रदान गरिने फिल्ड भत्ता असर पर्ने छैन ।

७. कार्यविधिमा संशोधन: यस कार्यविधिमा अर्को व्यवस्था नभएसम्म लागु भईरहने छ र यस कार्यविधिमा आवश्यक संशोधन गर्नु परेमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

८. स्वत: खारेज हुने: यो कार्यविधि तथा यस कार्यविधिका दफा तथा उपदफा संघ तथा प्रदेश कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वत: खारेज भएको मानिनेछ ।

आज्ञाले
विक्रम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत